((address_line_1))
((address_line_2))
((address_line_3))
((address_line_4))
((address_line_5))
((address_line_6))
((address_line_7))

**मिति:** ((date))
**एनएचएस नम्बर:** ((nhsNumber))

# तपाईंको एनएचएस वसन्त कालीन कोभिड-१९ खोप बुक गर्ने

आदरणिय ((fullName)),

तपाईंले एनएचएस वसन्त कालीन कोभिड-१९ खोप निशुल्क बुक गर्न सक्नुहुन्छ। किनभने तपाईंको प्रतिरक्षा प्रणाली कमजोर **हुन सक्ने** भनेर एनएचएस रेकर्डले देखाउँछ। तपाईंले खोप लिनु भन्दा अगाडी हामीले यो पुष्टि गर्नु पर्नेछ।

## कसरी अपोन्टमेन्ट लिने

- **एनएचएस एप** मार्फत अथवा **अनलाईन www.nhs.uk/book-covid** मा गएर बुक गर्नुहोस्।
- वाक-इन साइट यस वेवसाइट **www.nhs.uk/covid-walk-in** मा पत्ता लगाउनुहोस्

तपाईंले सन् **२०२५ को जुन महिनाको १७** भन्दा अगाडी बुक गर्नुपर्छ। तपाईंले आफ्नो खोप लगाउँने यो अन्तिम मिति हो।

## यदि तपाईंलाई सहायता चाहिएमा

यदि तपाईंले अनलाइनमा बुक गर्न सक्नुहुन्न भने **११९** मा निशुल्क सम्पर्क गर्नुहोस्। अनुवादकहरू उपलब्ध हुन्छन्। तपाईले म्यासेज पठाउँन **१८००१ ११९** टेक्स्ट फोन सेवा वा यस लिंक **www.signvideo.co.uk/nhs119** मा एनएचएस ब्रिटिश साङ्केतिक भाषा (बिएसएल) सेवा पनि प्रयोग गर्न सक्नुहुन्छ।

यदि तपाईंले घरमा स्याहार/केयर पाउनुहुन्छ भने **होम भिजिट** (घरमै आएर सेवा दिने) को लागि आफ्नो जिपी लाई सम्पर्क गर्नुहोस्। यदि उनीहरूले यसको व्यवस्था गर्न नसकेमा, **www.england.nhs.uk/covid-vaccination-contacts** मा गएर सहायता लिनुहोस्।

यस निमन्त्रणा अन्य स्वरुप/ढाँचाहरु (फर्म्याट) मा उपलब्ध छन्। सहज पठन, अडियो, बिएसएल र अनुवादहरुका लागि यस लिंक **www.england.nhs.uk/seasonal-invites** मा जानुहोस्।

## एनएचएसले किन वसन्त कालीन कोभिड-१९ खोप प्रस्ताव गरिराखेको छ

कोभिड-१९ को संक्रमण वर्ष भरि नै हुन्छ र यसबाट बच्न गार्हो हुन सक्छ। समय बित्दै जाँदा खोपको संरक्षण कम हुने र कोभिड-१९ का रुप/प्रकारहरूमा परिवर्तन हुन सक्ने भएकाले तपाईंले आफ्नो संरक्षण/सुरक्षालाई बढाउन महत्त्वपूर्ण हुन्छ।

प्रतिरक्षा प्रणाली कमजोर भएका मानिसहरु कोभिड-१९ बाट गम्भिर रुपमा बिरामी पर्ने उच्च जोखिममा पर्छन्। वसन्त कालीन कोभिड-१९ खोप लगाउँनाले अत्यधिक लक्षणहरु हुने तपाईंको जोखिम कम गर्नेछ। थप जानकारीको लागि **www.nhs.uk/covidvaccination** मा जानुहोस्।

## तपाईं संग कमजोर प्रतिरक्षा प्रणाली छ/छैन भनेर जाचँबुझ गर्नुहोस्

तपाईं संग कमजोर प्रतिरक्षा प्रणाली **हुन सक्छ** यदि तपाईं संग निम्न भएमाः

- ब्लड् क्यान्सर भएको थियो वा भएको छ (ल्युकिईमिया, लिम्फोमा अथवा मायलोमा)
- शरीरको अंग, बोन मार्रो वा स्टेम सेल प्रत्यारोपण गरेको थियो
- यच्आइभी छ
- आनुवंशिक/जेनेटिक् डिस्ओर्डर छ र यसले तपाईंको प्रतिरक्षा प्रणालीलाई असर पारिराखेको छ
- हालै किमोथेरापी, बायोलोजिकल् थेरापी वा रेडियोथेरापी लिनु भएको थियो वा अहिले लिइरहनु भएको छ
- तपाईंले स्टेरोइड औषधिहरू लिनुहुन्छ (तर यसको लिने मात्रा/डोजमा भर पर्छ)
- तपाईंले इम्युनोसप्रेसिप उपचार लिदै हुनुहुन्छ

यो सूचीको सारांश मात्रै हो तर यसले सम्पूर्ण समावेश/कभर गरेको छैन। यदि तपाईं निश्चित हुनुहुन्न भने तपाईंको फार्मसिस्ट, जिपी वा विशेषज्ञसंग कुरा गर्नुहोस्।

तपाईंको भवदिय,

# एनएचएस इंगल्यान्ड खोप समुह

डेटा संरक्षण: राष्ट्रिय खोप कार्यक्रमका उद्देश्यको लागि तपाईंको व्यक्तिगत डेटा प्रशोधन गर्ने जिम्मेवारी एनएचएस इंगल्यान्ड संग छ। थप जानकारीको लागि, तपाईंले हाम्रो गोपनीयता सूचना यस वेवसाइट **www.england.nhs.uk/contact-us/privacy-notice** मा पहुँच गर्न सक्नुहुन्छ। यदि यस निमन्त्रणा बारे तपाईं संग कुनै प्रश्न भएमा, **www.england.nhs.uk/invite-enquiry** मा जानुहोस्। **कार्यक्रमबाट बाहिर निस्कन (अप्ट आउँट्)**: **www.nhs.uk/covid-invite-preferences** ।